घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## बैठकको नाम : घरपझोङ गाउँ कार्यपालिकाको बैठक

**अध्यक्षता गर्ने पदाधिकारी :** गाउँपालिका अध्यक्ष **श्री मोहन सिंह लालचन**

**मिति :** २०८२।६।३० गते

**समय :** दिनको १२:३० बजे

**स्थान :** गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम

**बैठक संख्या :** ५३औं

**उपस्थिति :-**

| क्र.सं. | दस्तखत | पदाधिकारीको नाम | पद |
|---|---|---|---|
| १ | | श्री मोहन सिंह लालचन | अध्यक्ष |
| २ | | श्री जमुना थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री आस बहादुर थकाली | का.पा. सदस्य/१ नं. वडा अध्यक्ष |
| ४ | | श्री मन बहादुर हिराचन | का.पा. सदस्य/२ नं. वडा अध्यक्ष |
| ५ | | श्री फलेन्द्र प्रसाद थकाली | का.पा. सदस्य/३ नं. वडा अध्यक्ष |
| ६ | | श्री याम प्रसाद थकाली | का.पा. सदस्य/४ नं. वडा अध्यक्ष |
| ७ | — | श्री प्रदिप थकाली | का.पा. सदस्य/५ नं. वडा अध्यक्ष |
| ८ | | श्री राजु प्रसाद लालचन | कार्यपालिका सदस्य |
| ९ | — | श्री भिषण थकाली | कार्यपालिका सदस्य |
| १० | — | श्री अनिता घताने | कार्यपालिका सदस्य |
| ११ | | श्री बुद्ध हिराचन | कार्यपालिका सदस्य |
| १२ | | श्री रोजी थकाली | कार्यपालिका सदस्य |
| १३ | — | श्री मणि सिरपाली | कार्यपालिका सदस्य |
| १४ | | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत |

घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ५३औं बैठकको निर्णयहरु

मिति २०८२।६।३०

गाउँ कार्यपालिकाको कार्यालय घरपझोङ गाउँपालिका जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८२।०३।०२ गते बसेको यस घरपझोङ गाउँ कार्यपालिकाको ५२औं बैठकमा १० वटा निर्णयहरु भएको गाउँपालिकाको लागि एउटा एम्बुलेन्स माग गर्ने, सामुदायिक कुकुरहरुको व्यवस्थापन गर्ने सम्बन्धी र ५ नं. वडा, ढुम्बा खोलामा झोलुङ्गे पुलको माग सम्बन्धी निर्णयहरु प्रकृयामा रहेको र अन्य सबै निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको व्यहोरा जानकारी भयो । निर्णय नं. ६ अनुसार गाउँपालिकाबाट निर्माण सम्पन्न भएको मार्फा-छैरो बेलिबृज, चिमाङ आधारभुत स्वास्थ्य सेवा केन्द्र मिति २०८२।६।२९ गते र स्याङको छेकोङ सावनाबाथ (शौचालय समेत) र जोमसोम एयरपोर्ट पुथाङ बजारमा निर्माण सम्पन्न भएको स्मार्ट शौचालयको मिति २०८२।६।३० गते उद्घाटन कार्यक्रम सम्पन्न भयो ।

**प्रस्ताव नं. २ :-**

घरपझोङ गाउँपालिकाको घर, जग्गा, भवन, कोठा, टहरा, बहालमा लगाउने सम्बन्धी कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।

**निर्णय नं. २ :-**

घरपझोङ गाउँपालिकाको घर, जग्गा, भवन, कोठा, टहरा, बहालमा लगाउने सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन) को अनुसूची-१ शर्तहरुको बुँदा नं.५ र ९ मा तपसिल बमोजिमको संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल (संशोधन पश्चात कायम गरिएको व्यहोरा) :-**

५. दोश्रो पक्षले बोल कबोल गरेको मासिक भाडा रकमको ३ महिना बराबरको रकम रु. ..............।- (अक्षेरुपी रु. ............................................ ) धरौटी वापत दाखिला भएपछि मात्र सम्झौता प्रक्रिया अगाडी बढाईने छ । सम्झौता गर्न आउँदा दोश्रो पक्षले १ महिना बराबरको भाडा रकम रु................. (अक्षेरुपी रु.......................................................) अग्रिम रुपमा कार्यालयले तोकेको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

९. दोश्रो पक्षले कबोल गरेको भाडा रकम समयमा नबुझाएमा नियमानुसर बुझाउनु पर्ने कुल भाडा रकमको प्रतिदिन ०.१% का दरले हर्जना लाग्नेछ ।

**प्रस्ताव नं. ३ :-**

खालाधुङ ढुङ्गे घरको प्रयोजन मासिक न्यूनतम् भाडादर तथा समयावधि तोक्ने सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस गाउँपालिका ४ नं. वडा जोमसोममा रहेको खालाधुङ ढुङ्गे घरको गाउँपालिकाबाट जिर्णोद्धार गर्ने काम सम्पन्न भई सकेको जानकारी भयो । उक्त ढुङ्गेघरको वास्तुकलालाई अन्यथा हुन नदिनेगरी पर्यटन सँग सम्बन्धित व्यवसाय सञ्चालन गर्ने दिंदा उक्त भवनको संरक्षण समेत हुने देखिएकोले व्यवसायिक प्रयोजनमा नियमानुसार भाडामा दिने सर्वसम्मत निर्णय गरियो । साथै उक्त खालाधुङ ढुङ्गे घर र तारवार भएको जग्गा र शौचालय समेतको न्युनतम् मासिक भाडा दर रु.१,५०,०००।- (एक लाख पचास हजार) तोक्ने र घरपझोङ गाउँपालिकाको घर, जग्गा, भवन, कोठा, टहरा, बहालमा लगाउने सम्बन्धी कार्यविधि,

निर्णय प्रमाणित ।

२०७७ (पहिलो संशोधन) साथै आजको बैठकको निर्णय नं. २ अनुसार भएको संशोधन बमोजिम व्यवसायिक प्रयोजनको लागि भाडामा लगाउनका लागि नियमानुसार यथाशीघ्र सूचना प्रकाशन गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

कृषि तथा पशुपालन उपज उत्पादन तथा यन्त्रिकरण सामाग्री अनुदान कार्यक्रम कार्यविधि, २०८२ सम्बन्धमा ।

**निर्णय नं. ४:-**

कृषि तथा पशुपालन उत्पादनको व्यवस्थापनका साथै कृषि तथा पशुपालनको लागि कृषक तथा कृषक समूहहरुलाई प्रदान गरीने अनुदानलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि कृषि तथा पशु सेवा शाखाबाट तयार गरी पेश गरेको "कृषि तथा पशुपालन उपज उत्पादन तथा यन्त्रिकरण सामाग्री अनुदान कार्यक्रम कार्यविधि, २०८२" लाई कार्यालयपालिका सदस्यज्यूहरुले अध्ययन गरी अर्को बैठकमा पेश गर्ने गरी वितरण गरियो ।

**प्रस्ताव नं. ५ :-**

सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

गाउँपालिकामा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि तयार भएको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८२ लाई गाउँ कार्यपालिकाको आगामी बैठक पेश गर्ने गरी कार्यपालिका सदस्यज्यूहरुलाई वितरण गरियो ।

**प्रस्ताव नं. ६ :-**

ATSO (खनिज तेल) खरिद सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

चालु आ.ब. २०८२।८३ को कृषि विकास तर्फको स्वीकृत कार्यक्रम ATSO (खनिज तेल) ५०% अनुदानमा खरिद तथा वितरण कार्यक्रम अन्तर्गत कृषकहरुको ५०% सहभागिताको रकम संकलन गर्नका लागि केही समय लाग्ने हुँदा र स्वीकृत कार्यक्रम अनुसार ATSO (खनिज तेल) खरिदको लागि बोलपत्र को सूचना तुरुन्तै प्रकाशन गर्नु पर्ने भएकोले कृषकहरुले व्यहोर्ने ५०% ले हुने रकम रु.२१,००,०००।- कृषकबाट संकलन नहुन्जेल सम्मका लागि गाउँपालिकाबाट सुनिश्चित्ता प्रदान गर्ने र नियमानुसार ठेक्का प्रक्रिया यथाशीघ्र अगाडी बढाउने सर्वम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

ढुम्बा खोलाको सिंचाई कुलोको मर्मत सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

२०८२ सालको श्रावण महिनाको २३ र २४ गते ढुम्बा खोलामा आएको लेदो सहित बाढीले सिंचाईको मुहान लगायत कुलोमा क्षति पुऱ्याएकोले खेतमा सिंचाईको अभाव हुन गएको हुँदा उक्त सिंचाई

निर्णय प्रमाणित
२०८२।०६।३०

मुहान र कुलोलाई तुरुन्तै मर्मत गर्नु पर्ने भएकोले गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु.३५,०००।- विनियोजन गरी मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

स्याङमा धर्मशाला निर्माणको लागि भारतीय राजदुतावासमा सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

भारतीय राजदुतावासबाट यस गाउँपालिकाको ३ नं. वडा स्याङको छेकोङ भन्ने ठाउँमा धर्मशाला निर्माण गर्न ईच्छा प्रकट गरेको भन्ने बुझिएको हुँदा स्याङ गाउँबाट जग्गा लगायतका अन्य आवश्यक व्यवस्थापन गर्ने गरी सिफारिस दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

विद्यालय कर्मचारी तथा वालविकास सहजकर्ताहरु तथा सहयोगीहरुको न्युनतम् पारिश्रमिक सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा करारमा कार्यरत १) विद्यालय सहायक/लेखाका कर्मचारी-२ जना, २) बालविकास सहजकर्ता-९ जना र ३) सहयोगी कर्मचारी ८ जनाको न्युनतम् पारिश्रमिक कायम गर्नका लागि नेपाल सरकारबाट प्राप्त अनुदानमा बृद्धि गरी पठाएको हुँदा संघीय सरकारबाट प्राप्त रकममा नपुग हुने रकम गाउँपालिका तर्फबाट थप गरी तपसिल बमोजिम मासिक पारिश्रमिक कायम गर्ने र २०८२ श्रावण महिना देखि लागु हुने गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | पद/विवरण | कार्यरत संख्या | कायम गरिएको मासिक पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय सहायक/लेखा | २ जना | २०,०००।- | |
| २ | बालबालिका सहजकर्ता | ९ जना | १९,७००।- | |
| ३ | सहयोगी कर्मचारी | ८ जना | १९,५५०।- | |

**प्रस्ताव नं. १० :-**

सवारी साधन व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस गाउँपालिका अन्तर्गतका मुख्य बजार क्षेत्रहरुमा सवारी साधनहरु जथाभावी पार्किङ्ग गर्नाले बजार क्षेत्र भित्र ट्राफिक जाम हुने समस्या उत्पन्न भई बजार समेत कुरुप देखिएको र जोमसोम गाउँ समाजको मिति २०८२।०५।२६ गतेको पत्रबाट सवारी साधन व्यवस्थापन गरिदिनु भनी पत्राचार भएको हुँदा विभिन्न गाउँ समाजहरु सँग समन्वय गरी पार्किङ्ग व्यवस्थापनको लागि उपयुक्त स्थान पहिचान गर्ने र पार्किङ्गको व्यवस्थापन गर्नका लागि आवश्यक पत्राचर तथा पहल गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८२।०६।३०